# मोहन्याल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**सिलबन्दी दरभाउ पत्र आह्वानको सुचना नं.०१**

**प्रथम पटक प्रकाशित मिति: २०७७/०८/३०**

यस गाउँपालिकाको कार्यालयको लागी आ.व. ०७७/०७८ मा एलोपेथिक औषधि खरिद गरी नेपाल सरकारले नि:शुल्क रुपमा उपलब्ध गराउने भनी तोकिएको Specification अनुसार औषधि (एलोपेथिक) खरिद गर्नुपर्ने भएकाले तपशिलको शर्तको अधिनमा रही इजाजत प्राप्त इच्छुक फर्महरुबाट रितपुर्वक सिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ।

१) सिलबन्दी दरभाउ-पत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र सम्बन्धित कार्यको लागी इजाजत पत्र, आयकर एवं मु.अ. कर दर्ता प्रमाण पत्र (अध्यावधिक नविकरण भएको) र आ.व. ०७६/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीका वा म्याद थपको स्विकृत प्रतिको प्रतिलिपि सहित निवेदन दिइ यस कार्यालय बाट (फिर्ता नहुने गरी) रु १०००।– (अक्षरुपी रु एक हजार मात्र) दरभाउ पत्र दस्तुर बुझाइ खरिद गर्न सकिने छ।

२) खरिद भएको दरभाउ पत्र यो सुचना प्रकाशित भएको मितिले १६ औं दिन २०७७/०९/१५ गते बिहान १२ बजे भित्र यस कार्यालयको नाममा संबोधन हुने गरी दरभाउ-पत्र नं, कामको विवरण, दरभाउ-पत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई दरखास्त फाराममा सहीछाप गरी फर्मको छाप लगाइ सिलबन्दी लाहाछाप गरी यस गाउँपालिकाको कार्यालयमा मात्र दर्ता गराउन सकिने छ।

३) दर्ता भएको दरभाउ-पत्रहरु यो सुचना प्रकाशित भएको मितिले १६औं दिन मिति २०७७/०९/१४ गते दिउसो २:०० बजे दरभाउ-पत्र दाता वा निजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउ-पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन।

४) दरभाउ-पत्र दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा काम हुनेछ।

५) सिलबन्दी दरभाउ-पत्र साथ जमानत बापत रु ६००००।– यस कार्यालयको सिटिजन बैंक खिमडि शाखामा रहेको ०७७०१००००००२४२०१ को धरौटी खातामा नगदै जम्मा गरेको बैंक भौचर वा 'क' बर्गको बाणिज्य बैंक बाट जारी भएको ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी भएको Bid Bond को सक्कलै कागज पेश गर्नु पर्ने छ।

६) म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउ-पत्र उपर कुनै कारबाही गरिने छैन।

७) दरभाउ-पत्र स्विकृत गर्ने, अस्विकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

८) दरभाउ-पत्र स्विकृत भएपछि ठेक्का सम्झौता गर्दा सम्झौता भएको प्रचलीत कानुनले हुन आउन रकम यस कार्यालयको माथि उल्लिखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही रकम बराबरको घटीमा १५ महिना म्याद भएको यस कार्यालयको नाममा बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (Performance Bond) पेश गरे पछि मात्र खरिद सम्झौता गरिने छ।

९) दररेट भर्दा अंक र अक्षरमा केरमेट नगरी मु.अ. कर बाहेकको रकम उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। एकाइ दररेट र कुल रकममा फरक पर्न गएमा इकाइ दररेटका आधारमा कुल रकम निकाली सोका आधारमा मुल्याङ्कन गरिने छ। दररेट भर्दा प्रत्येक आइटम वाइज दररेट राख्नुपर्नेछ। भ्याट र कन्टेन्जेन्सी बाहेक उल्लिखित व्यहोरा अनुसार कुल कबुल रकम निकाली न्युन मुल्याङ्कित सार्भुतरुपमाप्रवाहग्राही दरभाउ-पत्र मात्र छनौट गरिने छ।

१०) BOQमा उल्लेखित स्पेशिफिकेशन अनुसार सबै आइटम वाइज दररेट भर्नु पर्ने छ। आंशिक दररेट भरेको दरभाउ-पत्र मुल्याङ्कनमा समावेश गरिने छैन। साथै आपुर्ति गरिने औषधीहरु Supply भएको मिति देखी कम्तिमा १८ महिना उपभोग म्याद कायम भएको र WHO-GMP Standard अनुसार र औषधी व्यवस्था बिभागमा दर्ता भएको हुनुपर्नेछ।

११) यस सुचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सो को नियमावली २०६४ र मोहन्याल गाउँपालिकाको प्रचलित सार्वजनिक खरिद नियमावली र प्रचलित कानुन अनुसार हुने छ

प्रमुख प्रशासकिय अधिकृत

नारायण प्रसाद ...

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner